# परिच्छेद–१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

आधुनिक लोकतान्त्रिक शासन प्रणालीमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त बमोजिम राज्यका अंगहरुले आ–आफ्नो काम स्वतन्त्रतापूर्वक सम्पादन गर्ने मान्यता रहेको छ । यसरी सम्पादन गरिने कार्य र अधिकारको प्रयोग संविधानले निर्दिष्ट गरे बमोजिम हुने गर्दछ । संविधानतः राज्यशक्तिको स्रोत र सम्प्रभूता जनतामा निहित हुने भएकोले सरकार हरदम जनताप्रति उत्तरदायी र जवाफदेही बन्नु पर्दछ । सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउने कार्य जनप्रतिनिधिमूलक सर्वोच्च संस्था संसद र यसका समितिले गर्दछन् ।

मिनी पार्लियामेन्टका रुपमा चिनिने संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र सक्रियताले संसदको गरिमा, प्रतिष्ठा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउँदछ । त्यसैले समितिलाई मिनी संसद वा संसदको कार्यशाला पनि भन्ने गरिन्छ । समितिको प्रभावकारितामा संसदको प्रभावकारिता निर्भर हुने हुँदा समितिको क्रियाशीलता जति सशक्त हुन्छ त्यति नै सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन बल पुग्दछ । समितिले आफ्नो कार्यक्षेत्रभित्रका सरकारी निकायहरुको नीति, योजना, कार्यक्रम, बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै, आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्यउपलब्धीको मूल्यांकन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधान गर्न समेत सहयोग पुर्‍याउँदछन् । राज्य सञ्चालनका हरेक अवयवमा थिति र विधि स्थापित गराई सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व, विकास र समृद्धि हासिल गर्न समितिले खेल्ने भूमिका महत्वपूर्ण रहेको हुन्छ । समितिले वर्षभरि सम्पादन गरेका विभिन्न क्रियाकलाप समेटेर तयार पारेको प्रतिवेदन सम्बन्धित सभामा पेश गरेर सरकारका गतिविधिलाई व्यवस्थित तवरले नागरिकसमक्ष प्रस्तुत गर्दछ । संसदीय व्यवस्थामा विषयत समितिहरुले संसदको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना कामकारवाही सुचारु रुपले सञ्चालन गर्ने, सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै देशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने गर्दछन् ।

नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० बमोजिम गठित विभिन्न विषयगत समितिहरुमध्ये कानून, न्याय तथा मानव अधिकार समिति एक महत्वपूर्ण समिति हो । यस समितिले विशेष गरी मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नको लागि सरोकारवाला निकायहरुलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने कार्य गर्दछ । यसको अलावा कानून र न्यायको क्षेत्रमा सकरात्मक सुधार गरी लोककल्याणकारी राज्य र कानूनी राज्य स्थापनामा सरकार र सम्बन्धित निकायलाई रचनात्मक भूमिका प्रस्तुत गर्दछ ।

## १.२ समितिको गठन र कार्यक्षेत्र

नेपालको संविधानको धारा ९७ मा सभाले संघीय कानून बमोजिम समितिहरु गठन गर्न सक्ने प्रावधान रहेको छ । त्यस्तै, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ मा प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रतिनिधि सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १७० मा विभिन्न विषयगत समितिहरुको गठन गरिएको छ । सभामुखले प्रतिनिधि सभाको सहमति लिई प्रत्येक समितिमा पदेन सदस्य बाहेक बढीमा २७ जना सदस्य मनोनयन गर्न सक्नेछ भन्ने प्रावधान नियमावलीको नियम १७२ मा रहेको छ । यसरी समितिमा सदस्यको मनोनय गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वलाई मध्यनजर गरिएको छ । नियमावलीको उपर्युक्त व्यवस्था बमोजिम २०७५ साल साउन १७ गतेको प्रतिनिधि सभाको बैठकले यो समितिको गठन गरेको हो । हाल यस समितिमा पदेन सदस्य बाहेक २४ जना सदस्यहरु (अनुसूची–१) रहनु भएको छ ।

नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सकारबाट भए गरेका काम कारवाहीको अनुगमन मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि गठित यस समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
२. न्याय परिषद्,

३. न्याय सेवा आयोग,
४. महान्यायाधिवक्ताको कार्यालय, र
५. मानव अधिकार ।

## १.३ समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ मा उल्लेख गरिएको छ । उक्त नियमको उपनियम (१) मा आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार तोकिएको छ :

- ❖ आ–आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने,
- ❖ मन्त्रालय, विभाग र अन्तर्गतका नियकाको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- ❖ मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमान रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- ❖ मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्धारा के कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- ❖ विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- ❖ सभाद्धारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्धारा प्रचलित ऐन, नियम अनुरुप काम

भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

- सरकारद्धारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- बैठकले सुम्पेको अन्य काम गर्ने, र
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## १.४ कार्यविधि र प्रक्रिया

नेपालको संविधान, प्रतिनिधि सभा नियमावली, २०७५ र सो अन्तर्गत तर्जुमा गरिएको समितिको आन्तरिक कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ । समितिको कार्य सम्पादनको सिलसिलामा आवश्यकतानुसार नेपाल सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तरक्रिया गर्ने गरेको छ । यसका साथै विषयसँग सम्बन्धित विभिन्न कागजातहरुको अध्ययन अनुसन्धान र गोष्ठी, सेमिनार जस्ता प्रक्रिया अपनाउने गरेको छ । त्यस्तै, बैठकमा निर्णय लिंदा सहमतीय प्रक्रियालाई जोड दिंदै आएको छ ।

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकता अनुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले गर्ने र सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले सभापतित्व गरेकोमा सोको जानकारी सभामुखलाई दिनुपर्ने व्यवस्था छ । साथै समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत हुनुपर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणीकरण सभापति र समिति सचिवले गर्ने व्यवस्था रहेको छ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था छ । उपसमिति गठन गर्दा उपसमितिले गर्नुपर्ने काम र सो काम सम्पन्न हुनुपर्ने अवधि समेत किटान गरिनुपर्दछ ।

समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समूहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्ने व्यवस्था रहेको छ । समितिमा मुख्य रुपमा मन्त्री नै उत्तरदायी रहने र आफ्नो सहयोगका लागि अन्य सम्बन्धित अधिकारी वा विज्ञको सहयोग लिन सकिने अवस्था छ । समितिले आफ्नो कामको सिलसिलामा आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन र उपस्थित गराईएको व्यक्ति वा पदाधिकारीलाई आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्ने प्रावधान समेत रहेको छ ।

## १.५ सीमा

समितिमा पूर्वाधारयुक्त सभाकक्ष, आवश्यक बजेट, अपेक्षित जनशक्ति, सूचना प्रविधि र तथ्यांक, अध्ययन अनुसन्धान, सबै सदस्यहरुको नियमित उपस्थिति र छलफलमा सहभागिता, पर्याप्त स्थलगत अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्यसम्पादनको सिलसिलामा सीमाको रुपमा रहेका छन् ।

## १.६ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद-१ मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम, कर्तव्य र अधिकार, विधि र प्रक्रिया तथा सीमा उल्लेख गरिएको छ ।  परिच्छेद-२ मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन, उपसमितिको गठन र कार्य, विधायन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ । त्यसैगरी परिच्छेद-३ मा निर्णय/निर्देशन कार्यान्वयनको अवस्था र कार्यसम्पादनमा देखा परेका समस्याहरु सम्बन्धमा उजागर गरिएको छ । त्यस्तै, परिच्छेद-४ मा निष्कर्ष, सुझाव तथा सिफारिस बारे उल्लेख गरिएको छ । प्रतिवेदनको अन्त्यमा आठवटा अनुसूची समावेश गरिएको छ ।

# परिच्छेद–२
# सम्पादित कार्य

## २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

समितिको यो प्रतिवेदन तयार गर्दासम्म २५ वटा बैठक सम्पन्न भएका छन् । यीमध्ये बहुसंख्यक बैठक विधायन सम्बन्धी कार्यमा केन्द्रित रहेका छन् । समितिको प्रथम बैठक वि.स. २०७५।०४।२१ गते ज्येष्ठ सदस्यको रुपमा माननीय श्री लक्ष्मणलाल कर्णको सभापतित्वमा बसेको थियो भने तेस्रो बैठक माननीय श्री पद्यनारायण चौधरी (थारु) को सभापतित्वमा बसेको थियो । पाँचौं बैठकले समितिको सभापति पदमा माननीय श्री कृष्ण भक्त पोख्रेललाई निर्वाचित गरेपछि छैटौं बैठकदेखि हालसम्म निरन्तर रुपमा उहाँले नै बैठकको सभापतित्व गर्दै आउनु भएको छ । समितिका बैठक, लिइएका निर्णय र निर्देशनको विवरण देहायमा प्रस्तुत गरिएको छ :–

**बैठक संख्या : एक**

मिति : २०७५।०४।२१ गते

**छलफलको विषय :** समितिका सदस्यहरुबीच परिचयात्मक कार्यक्रम, समितिको कार्यक्षेत्रको विषयमा प्रारम्भिक छलफल ।

**निर्णय :** समितिको कार्यक्षेत्रमा परेका विषयमा छलफल गर्नुभन्दा पहिलो समितिको कार्यविधि तयार गर्ने र सोको लागि प्रतिनिधि सभा नियमावली, २०७५ र यसभन्दा अगाडिका समितिले तयार पारेका कार्यविधिहरु समेत अध्ययन गर्नुपर्ने भएकोले समिति सचिवालयलाई सो कार्यविधिहरु उपलब्ध गराउन निर्देशन दिने ।

**बैठक संख्या : दुई**

मिति : २०७५।०५।०७ गते

**छलफलको विषय :** समितिको कार्यविधि तथो कार्यक्षेत्रको विषयमा प्रारम्भिक छलफल ।

**निर्णय :** समितिको पहिलो बैठकमा समितिको कार्यविधि तयार गर्ने सम्बन्धमा छलफल भएको र समिति सचिवालयले उपलब्ध गराएको कार्यविधिहरुको अध्ययन गरी यस समितिको कार्यविधि मस्यौदा गरी पाँच दिन भित्र प्रतिवेदन दिनका लागि मा० श्री कृष्णभक्त

पोखे्रलको संयोजकत्वमा पद्‌मनारायण चौधरी (थारु) र शशी श्रेष्ठ रहनुभएको ३ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो ।

**बैठक संख्या : तीन**

मिति : २०७५।०५।१२ गते

**छलफलको विषय :** कार्यविधि मस्यौदा उपसमितिको प्रतिवेदन पेश/छलफल ।

**निर्णय :** समितिको आजको बैठकमा कार्यविधि मस्यौदा उपसमितिका संयोजनक मा० श्री कृष्णभक्त पोखे्रलले कानून, न्याय तथा मानव अधिकार समितिको कार्यविधि मस्यौदा पेश गर्नु भयो । उक्त कार्यविधिलाई समितिको आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : चार**

मिति : २०७५।५।१९ गते

**छलफलको विषय :** कार्यविधि मस्यौदा उपसमितिको प्रतिवेदन छलफल र पारित गर्ने सम्बन्धमा ।

**निर्णय :** कानून, न्याय तथा मानव अधिकार समितिवको कार्यविधि मस्यौदा उपसमितिबाट मस्यौदा भई पेश भएको कार्यविधिलाई परिमार्जन सहित पारित गरियो ।

**बैठक संख्या : पाँच**

मिति : २०७५।०६।०१ गते

**छलफलको विषय :** समिति सभापतिको निर्वाचन सम्बन्धमा ।

**निर्णय :** कानून, न्याय तथा मानव अधिकार समितिको सभापति पदमा मा० श्री सुवासचन्द्र नेम्वाङ्ग प्रस्तावक र मा० श्री देवप्रसाद गुरुङ्ग समर्थक रहनु भएको मा० श्री कृष्णभक्त पोखे्रललाई निर्वाचित गरियोस भनी सुचना प्राप्त भएकोले प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७३ को उपनियम (४) बमोजिम माननीय श्री कृष्णभक्त पोखे्रल सभापति पदमा निर्विरोध निर्वाचित हुनुभयो ।

**बैठक संख्या : छ**

मिति : २०७५।०६।१२ गते

**छलफलको विषय :** समितिको भावी कार्ययोजना सम्बन्धी छलफल ।

**निर्णय :**

१. नेपाल राज्य वा नेपाल सरकार पक्ष भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताहरुको अंग्रेजी तथा नेपाली प्रति नेपाल सरकार कानून, न्या तथा संसदीय मामिला मन्त्रालयसँग माग गर्ने ।

२. समितिका माननीय सदस्यहरुको राय, सुझाव लिइ समितिको भावी कार्ययोजना तयार गर्ने जिम्मेवारी सचिवालयलाई दिने ।

३. मानव अधिकारको गम्भिर उल्लंघनका घटनाहरुका सम्बन्धमा तत्काल सभापतिको निर्देशन र उहाँकै संयोजकत्वमा एक कार्यदल गठन गरी अध्ययन अनुगमन गर्ने साथै त्यसको प्रतिवेदन समितिमा पेश गर्ने ।

**बैठक संख्या : सात**

मिति : २०७५।०८।२४ गते

**छलफलको विषय :** समितिको कामकारवाहीको सम्बन्धमा ।

**निर्णय :**

१. कानूनको मस्यौदा (Legal Drafting) तथा कानून निर्माण प्रक्रिया (Law Making Process) मा माननीय सदस्य र सचिवालयले खेल्नु पर्ने भुमिका सम्बन्धमा विभिन्न खालका क्षमता अभिवृद्धिमुलक कार्यक्रम (तालिम, अध्ययन भ्रमण, अन्तरक्रिया/गोष्ठी आदि) सञ्चालन गर्ने ।

२. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७५ मा उल्लेख भए अनुरुपको काम कारवाही सम्पादन गर्न समितिका माननीय सभापति, माननीय सदस्य र सचिवालयका कार्मचारीहरुको लागि आवश्यक कार्यक्रम आयोजन ागर्ने ।

३. मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ का सम्बन्धमा व्यापक प्रचार प्रसार गराई सम्बन्धित सरोकारवालाहरुलाई ऐनका

प्रावधानबारे अधिकतम जानकारी प्रदान गर्न संघ र प्रदेशमा प्रशिक्षक प्रशिक्षण (TOT) तथा स्थानीय तहमा सो सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

४. समितिबाट आयोजना गरिने कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट उपलब्ध गराउन समिति सचिवालयमार्फत संघीय संसद सचिवालयलाई अनुरोध गर्ने ।

५. समितिको कामकारवाहीलाई प्रभावकारी एंव चुस्त दुरुस्त बनाउन आवश्यक पर्ने विभिन्न खालका प्रविधिजन्य सामाग्री तथा मेशीनरी औजार उपकरण आदि र समितिबाट सञ्चालन/आयोजना गरिने कार्यक्रमको लागि संयुक्त राष्ट्रसंघ अन्तर्गतको UNDP लगायत अन्तर्राष्ट्रिय संस्थाबाट सहयोग उपलब्ध हुने भएमा समितिको आवश्यकताअनुसार त्यस्तो सहयोग लिने ।

६. सभापतिले समितिको कार्यलाई प्रभावकारी बनाउन समितिमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिसँग परामर्श गरी समय समयमा आवश्यकताअनुसारका कार्यक्रम (तालिम, अध्ययन भ्रमण, अन्तरक्रिया/गोष्ठी आदि) को आयोजन ागर्ने ।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ता, न्याय परिषद्, नेपाल कानून आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका वार्षिक योजना तथा कार्यक्रम, तिनको कार्यान्वयनको अवस्था र समस्या भए सो समेत पेश गर्न तत्तत् निकायलाई समितिमा आमन्त्रण गरी छलफल  गर्ने ।

८. नेपालको संविधानको धारा ३०४ मा "यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।" भन्न व्यवस्था उल्लेख भएको र यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन सम्वत् २०७४ फागुन २१ गते बसेकोले २०७५ फागुन २० गतेपछि संविधानसँग बाझिने नेपाल कानूनहरु बाझिएको हदसम्म स्वतः अमान्य हुने संविधानको बाध्यकारी व्यवस्था बमोजिम संविधान प्रतिकुल रहेका नेपाल कानूनको विवरण तयार पारी संघीय संसदको आगामी अधिवेशनबाट संविधान बमोजिमको समयमा पारित हुने गरी तिनको संशोधनका लागि संघीय संसदको आगामी अधिवेशनमा विधेयक प्रस्तुत गर्ने

व्यवस्था मिलाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत नेपाल सकारको ध्यानाकर्षण गराउने ।

९. नेपाली सेना, नेपालप्रहरी र सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा सञ्चालन गरेका र गर्नुपर्ने क्रियाकलापका सम्बन्धमा तत्तत् निकायसँग अन्तरक्रिया/छलफल गर्ने ।

१०. मानव अधिकार विश्वव्यापी घोषणापत्र (UDHR) सन् १९४८ डिसेम्बर १० मा जारी भएको उपलक्ष्यमा विश्वव्यापी रुपमा मनाउँदै आइएको मानव अधिकार दिवसको अवसरमा आजको यो बैठक सवैमा शुभकामना व्यक्त गर्दछ । साथै मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दिशामा आ आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनका लागि सवैमा हार्दिक आव्हान गर्दछ ।

**बैठक संख्या : आठ**

मिति : २०७५।०९।१३ गते

**छलफलको विषय :** कानून र विकास सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रम ।

**निर्णय :** समितिको आज बसेको बैठकमा कानून र विकास विषयमा पूर्व प्रधानन्यायधीश श्री कल्याण श्रेष्ठबाट प्रस्तुत गरिएको "कानून र विकास" सम्बन्धी कार्यपत्रमाथि छलफल गरियो ।

**बैठक संख्या : नौ**

मिति : २०७५।०९।१९

**छलफलको विषय :** मानवीय कानूनमा बारुदी सुरुङ्गले पार्ने प्रभाव सम्बन्धी छलफल ।

**निर्णय :** समितिको आज बसेको बैठकमा नेपालमा बारुदी सुरुङ्गमा लगाइएको प्रतिबन्ध तथा यसको अवस्था र मानवीय कानूनमा बारुदी सूरुङ्गले पार्ने प्रभाव सम्बन्धमा छलफल भयो । आजको बैठकमा बारुदी सुरुङ्ग प्रतिबन्ध अभियान नेपालकी पुर्णशोभा चित्रकारले नेपालमा बारुदी सुरुङ्गको अवस्था, यसको प्रभाव र आगामी दिनमा यस सम्बन्धमा गर्नुपर्ने कामहरुको सम्बन्धमा कार्यपत्र पेश गर्नुभयो । उक्त विषयमा नेपाली सेना, नेपाल प्रहरी लगायत सम्बन्धित सबै पक्षहरुलाई समितिमा आमन्त्रण गरी विस्तृत छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : दश**

मिति : २०७५।१०।०२

**छलफलको विषय :** प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्रारम्भिक छलफल ।

**निर्णय :** समितिको आज बसेको बैठकमा राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित समितिमा प्राप्त हुन आएको प्रशासकीय अदालत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल प्रारम्भ भयो ।

**बैठक संख्या : एघार**

मिति : २०७५।१०।०३

**छलफलको विषय :** केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ ।

**निर्णय :**

१. केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ माथि प्रारम्भिक छलफल भयो । यस विधेयकसँग सम्बन्धित रहेका सम्पूर्ण मन्त्रालयका माननीय मन्त्री, सचिव तथा विभागीय प्रमुखहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।
२. समितिको कामकारबाहीलाई प्रभावकारी बनाउन आवश्यक सम्पूर्ण नेपाल कानूनहरुको १/१ सेट समितिका सबै माननीय सदस्यहरुलाई उपलब्ध गराउन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई निर्देश गरियो ।

**बैठक संख्या : बाह्र**

मिति : २०७५।१०।०९

**छलफलको विषय :** केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :**

१. समितिको कामकारबाहीलाई प्रभावकारी बनाउन आवश्यक सम्पूर्ण नेपाल कानूनहरु १/१ सेट समितिका सवै माननीय सदस्यहरुलाई उपलब्ध गराउनु भएकोमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई धन्यवाद दिइयो ।

२. केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ सँग सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री मा० श्री थममाया थापा र मन्त्रालयका सचिव श्री बुद्धिबहादुर खड्का; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री खगराज बराल, शहरी विकास मन्त्री मा० श्री मोहम्मद इश्तियाक राई र मन्त्रालयका सहसचिव श्री कृष्णप्रसाद दवाडी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री मधुसुदन अधिकारी सहित यातायात व्यवस्था विभागका महानिर्देशक लावण्य कुमार ढकाल; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मा० श्री मातृकाप्रसाद यादव र सचिव श्री यामकुमारी खतिवडा तथा उद्योग विभागका महानिर्देशक श्री विनोद प्रकाश सिँह; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री गोपिनाथ मैनाली र वन तथा वातावरण मन्त्री मा० श्री शक्ति बहादुर बस्नेत तथा सचिव श्री विश्वनाथ ओली लगायतसँग दफावार छलफल गरियो ।

**बैठक संख्या : तेह्र**

मिति : २०७५।१०।१०

**छलफलको विषय :**

१. नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल प्रारम्भ ।
२. केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि प्रारम्भिक छलफल भयो ।
२. केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ माथिको दफावार छलफल जारी रह्यो । छलफलमा उक्त विधेयकसँग सम्बन्धित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिव श्री शिशिर कुमार ढुङ्गाना, गृह मन्त्रालयका सहसचिव श्री सुशील कोइराला, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री मा० श्री लालबाबु

पण्डित, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री सुरेश अधिकारी, सहसचिव श्री पुरुषोत्तम नेपाल, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव डा.संजय शर्मा, स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा.सुरेन्द्र कुमार यादव लगायत छलफलमा सहभागी हुनुभयो ।

३. विधेयकमा संशोधन दर्ता गराउनुभएका माननीय सदस्यहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

४. केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ मा रहेको निर्वाचन सम्बन्धी विषयमा छलफल गर्नका लागि समितिको आगामी बैठकमा निर्वाचन आयोगलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**बैठक संख्या : चौध**

मिति : २०७५।१०।१३

**छलफलको विषय :** केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि संशोधन दर्ता गराउनुभएका माननीयहरुसँग छलफल गर्ने ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ मा संशोधन दर्ता गराउनुभएका माननीय सदस्यहरुसँग छलफल गरियो । उक्त विधेयकमा संशोधन दर्ता गराउनुभएका एकतीस जना माननीय सदस्यहरुमध्ये मा० श्री वीना कुमारी श्रेष्ठ, मा० श्री सरिता न्यौपाने, मा० श्री अन्जना विशंखे, मा० श्री मन कुमारी जि.सी., मा० श्री आशा कुमारी वि.क., मा० श्री दिव्यमणि राजभण्डारी, मा० श्री प्रकाश रसाइली स्नेही, मा० श्री नवराज सिलवाल, मा० श्री भवानी प्रसाद खापुङ्ग, मा० श्री सुरेश कुमार राई, मा० श्री हेमकुमार राई, मा० श्री जय कुमार राई, मा० श्री छक्क बहादुर लामा, मा० श्री सुजिता शाक्य, मा० श्री गंगा चौधरी सत्गौवा, मा० श्री लक्ष्मी कुमारी चौधरी र मा० श्री प्रेम सुवाल उपस्थित भई छलफलमा भाग लिनुभयो ।

२. समितिको आगामी बैठकमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ सँग सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : पन्ध्र**

मिति : **२०७५।१०।१४**

**छलफलको विषय :** केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, **२०७५** सँग सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरियो । उक्त छलफलका क्रममा उठेका विभिन्न विषयहरुका सम्बन्धमा सम्बन्धित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री मा० श्री गोकर्णराज विष्ट तथा सचिव श्री महेश प्रसाद दाहाल, मा० अर्थ मन्त्री डा. युवराज खतिवडा तथा सचिव श्री राजन खनाल, सञ्चार तथा सुचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग र सहसचिव श्री ऋषिराम तिवारी लगायतसँग थप छलफल गरी आवश्यक जानकारी लिइयो । त्यसैगरी यस ऐनका सम्बन्धमा मा० श्री प्रकाश रसाइली "स्नेही", मा० श्री नवराज सिलवाल, मा० श्री राजेन्द्र कुमार के.सी., मा० श्री वीना कुमारी श्रेष्ठ, मा० श्री दिव्यमणि राजभण्डारी उपस्थित भई थप छलफलमा भाग लिनुभयो । त्यस्तै, सरोकारवालाको तर्फबाट संयुक्त ट्रेड यूनियन महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल वैदेशिक रोजगार व्यावसायी संघ, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल इनर्जी फाउन्डेसन लगायतका संघ संस्थाहरुको सहभागिता रहेको थियो ।

२. नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, **२०७५** माथि संशोधन दर्ता गराउनुभएका माननीय सदस्यहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : सोह्र**

मिति : **२०७५।१०।१५**

**छलफको विषय :** नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि संशोधन दर्ता गराउनुभएका माननीयहरुसँग छलफल गर्ने ।

**निर्णय :** समितिको आज बसेको बैठकमा नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि संशोधन दर्ता गराउनुभएका माननीय सदस्यहरुसँग संशोधनका विषयमा छलफल गरियो । छलफलमा उक्त विधेयकमाथि संशोधन दर्ता गराउनुभएका माननीय सदस्यहरुमध्ये मा० श्री यशोदा गुरुङ्ग सुवेदी, मा० श्री रेखा शर्मा, मा० श्री अमृता थापा, मा० श्री प्रेम सुवाल बैठकमा उपस्थित भई छलफलमा भाग लिनुभयो ।

**बैठक संख्या : सत्र**

मिति : २०७५।१०।२०

**छलफलको विषय :** नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल सम्पन्न भई यसैसाथ संलग्न बमोजिमको प्रतिवेदन सर्वसम्मतिले पारित गरी संघीय संसद, प्रतिनिधि सभामा पेश गर्ने निर्णय गरियो ।
२. समितिको आगामी बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा रहेको निर्वाचन सम्बन्धी विषयमा नेपाल सरकार, गृह मन्त्रालय र निर्वाचन आयोगसँग छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : अठार**

मिति : २०७५।१०।२३

**छलफलको विषय :** केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :** समितिको आज बसेको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा रहेको निर्वाचन सम्बन्धी विषयमा नेपाल सरकार, गृह मन्त्रालय र निर्वाचन

आयोगसँग छलफल गरियो । छलफलमा माननीय गृह मन्त्री श्री राम बहादुर थापा तथा प्रमुख निर्वाचन आयुक्त श्री अयोधीप्रसाद यादव लगायतको सहभागिता रह्यो ।

**बैठक संख्या : उन्नाईस**

मिति : २०७५।१०।२७

**छलफलको विषय :** केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल जारी रह्यो ।
२. उक्त विधेयकका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित माननीय मन्त्री, सचिव, विभागीय प्रमुख तथा संशोधन दर्ता गराउनुहुने माननीय सदस्यहरुले समिति समक्ष प्रस्तुत गर्नुभएको धारणा र समितिका माननीय सदस्यहरुसँग बैठकमा भएको छलफलको आधारमा मस्यौदा प्रतिवेदन तयार पारी समितिको आगामी बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देश गरियो ।

**बैठक संख्या : बीस**

मिति : २०७५।१०।२८

**छलफलको विषय :** केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल जारी ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा समिति सचिवालयबाट प्रस्तुत मस्यौदा प्रतिवेदनमाथि छलफल गरी आवश्यक परिमार्जन सहित सर्वसहमतिले पारित गरी यसैसाथ संलग्न बमोजिमको प्रतिवेदन संघीय संसद, प्रतिनिधि सभामा पेश गर्ने निर्णय गरियो ।

२. समितिको आगामी बैठकमा प्रशासकीय अदालतका माननीय अध्यक्ष श्री काशिराज दाहाललाई समिति समक्ष आमन्त्रण गरी राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित समितिमा प्राप्त हुन आएको प्रशासकीय अदालत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : एक्काईस**

मिति : २०७५।११।२२

**छलफलको विषय :** प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी ।

**निर्णय :** समितिको आज बसेको बैठकमा राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित समितिमा प्राप्त हुन आएको प्रशासकीय अदालत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल जारी रह्यो । उक्त विधेयकका सम्बन्धमा प्रशासकीय अदालतका माननीय अध्यक्ष श्री काशिराज दाहालबाट आवश्यक जानकारी लिइयो ।

**बैठक संख्या : बाईस**

मिति : २०७५।१२।०८

**छलफलको विषय :** मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल ।

**निर्णय :**

१. समितिको आज बसेको बैठकमा राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित समितिमा प्राप्त हुन आएको मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि छलफल प्रारम्भ भयो ।
२. छलफलको क्रममा उक्त विधेयक प्रस्तुत गर्नु पर्नाको कारण र औचित्यका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री तथा संशोधन दर्ता गराउनुहुने माननीय सदस्यहरुसँग विस्तृत जानकारी लिइयो ।

३. तत्पश्चात्, यसैसाथ संलग्न बमोजिमको प्रतिवेदन संघीय संसद, प्रतिनिधि सभामा पेश गर्ने सर्वसहमत निर्णय भयो ।

**बैठक संख्या : तेईस**

मिति : **२०७६।०१।१७**

**छलफलको विषय :** राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसँग समसामयिक विषयमा छलफल ।

**निर्णय :** समितिको आज बसेको बैठकमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसँग समसामयिक विषयमा छलफल गरियो ।

**बैठक संख्या : चौबीस**

मिति : **२०७६।०१।१९**

**छलफलको विषय :** समितिको आन्तरिक कामकार्यवाहीको सम्बन्धमा छलफल ।

**निर्णय :** समितिको आज बसेको बैठकमा आन्तरिक कामकारवाही सम्बन्धी छलफल भयो । साथै इन्हुरेड इन्टरनेशनलका तर्फबाट डा० गोपाल शिवाकोटीले नेपालमा शरणार्थी सम्बन्धी अवस्था र कानूनबारे प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि थप छलफल गरियो ।

## २.२ उपसमितिको गठन र कार्य

समितिको **२०७५।०५।०७** मा बसेको बैठकले समितिको कार्यविधि तथा समितिको कार्यक्षेत्रको विषयमा छलफल गरी **५** दिन भित्र प्रतिवेदन पेश गर्ने गरी मा० श्री कृष्ण भक्त पोखे्रलको संयोजकत्वमा मा० श्री पद्यनारायण चौधरी (थारु) र मा० श्री शशी श्रेष्ठ सदस्य रहेको तीन सदस्यीय कार्यविधि मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरेको थियो । सोही निर्णयानुसार उपसमितिको **२०७५।०५।०८, १०** र **१२** गते बसेको बैठकले समितिको कार्यविधिलाई सर्वसम्मतिले पारित गरी **२०७५।०५।१२** गतेको समितिको बैठकमा प्रस्तुत गरेको थियो । समितिको **२०७५।०५।१९** गतेको बैठकले उक्त कार्यविधिलाई परिमार्जन सहित पारित गरेको थियो (अनुसूची ३) ।

## २.३ विधायन सम्बन्धी कार्य

प्रस्तुत प्रतिवेदन तयार पार्दासम्म समितिमा चारवटा विधेयक प्राप्त हुन आएका थिए । उक्त विधेयकमध्ये केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ र नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ प्रतिनिधि सभामा उत्पत्ति भई दफावार छलफलको लागि समितिलाई प्राप्त भएका थिए भने बाँकी दुई मुलुकी संहिता सम्बन्धी  केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ र प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्राप्त हुन आएका थिए । यसरी प्राप्त भएका विधेयकमध्ये प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिमा नै विचाराधीन रहेको छ भने अन्य विधेयक समितिले यथासमयमै छलफल गरी आवश्यक परिमार्जनसहित सर्वसम्मतिले पारित गरी प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेको छ (अनुसूची-४, ५, ६, ७ र ८) ।

## २.४ अन्य कार्य

समितिले समय समयमा विभिन्न गोष्ठी/सेमिनार जस्ता कार्यक्रम समेत सम्पन्न गरेको छ । यस सन्दर्भमा बुढानीलकण्ठमा विपद् व्यवस्थापन सम्बन्धी विद्यमान कानूनी व्यवस्था बारे अन्तरक्रिया गरेको छ । त्यस्तै, गोकर्णमा कानून मस्यौदा निर्माण प्रक्रिया विषयमा सम्माननीय सभामुखज्यू सहित प्रतिनिधि सभातर्फका समितिका माननीय सभापतिज्यू र सचिवहरु समेतको सहभागितामा कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न गरेको छ ।

# परिच्छेद–३
# निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

## ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

समितिले आवश्यक ठानेको विषयमा विभिन्न निर्णय लिने र निर्देशनहरु दिने गरेको छ । यसरी लिइएका निर्णयहरुमध्ये अत्यन्तै न्यून संख्यामा कार्यान्यिवन हुन नसके पनि दिइएका निर्देशनहरु करीब पचासी प्रतिशत कार्यान्वयन भएको अवस्था छ । समितिबाट हालसम्म भएका निर्देशन र तिनको अवस्थालाई देहाय बमोजिम तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ :–

तालिका नं. १

| क्र.सं. | निर्देशनको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | समितिको कार्यक्षेत्रमा परेका विषयमा छलफल गर्नुभन्दा पहिलो समितिको कार्यविधि तयार गर्ने र सोको लागि प्रतिनिधि सभा नियमावली, २०७५ र यसभन्दा अगाडिका समितिले तयार पारेका कार्यविधिहरु समेत अध्ययन गर्नुपर्ने भएकोले समिति सचिवालयलाई सो कार्यविधिहरु उपलब्ध गराउन निर्देशन दिने । | भएको |
| २. | नेपाल राज्य वा नेपाल सरकार पक्ष भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताहरुको अंग्रेजी तथा नेपाली प्रति नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग माग गर्ने । | भएको |
| ३. | नेपालको संविधानको धारा ३०४ मा "यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।" भन्ने व्यवस्था उल्लेख भएको र यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन सम्वत् २०७४ फागुन २१ गते बसेकोले २०७५ फागुन २० गतेपछि | भएको |

| | | |
|---|---|---|
| | संविधानसँग बाझिने नेपाल कानूनहरु बाझिएको हदसम्म स्वतः अमान्य हुने संविधानको बाध्यकारी व्यवस्था बमोजिम संविधान प्रतिकुल रहेका नेपाल कानूनको विवरण तयार पारी संघीय संसदको आगामी अधिवेशनबाट संविधान बमोजिमको समयमा पारित हुने गरी तिनको संशोधनका लागि संघीय संसदको आगामी अधिवेशनमा विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत नेपाल सकारको ध्यानाकर्षण गराउने । | |
| ४. | समितिको कामकारबाहीलाई प्रभावकारी बनाउन आवश्यक सम्पूर्ण नेपाल कानूनहरुको १/१ सेट समितिका सबै माननीय सदस्यहरुलाई उपलब्ध गराउन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई निर्देश गरियो । | भएको |
| ५. | केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा नेपाल सरकारका सम्बन्धित माननीय मन्त्री, सचिव, विभागीय प्रमुख तथा संशोधन दर्ता गराउनुहुने माननीय सदस्यहरुले समिति समक्ष प्रस्तुत गर्नुभएको धारणा र समितिका माननीय सदस्यहरुसँग बैठकमा भएको छलफलको आधारमा मस्यौदा प्रतिवेदन तयार पारी समितिको आगामी बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देश गरियो । | भएको |
| ६. | नेपाल सरकारबाट केही नेपाल ऐन मार्फत संशोधन विधेयक प्रस्तुत गर्दा धेरैवटा मन्त्रालयसँग सम्बन्धित कानून एकमुष्ट रुपमा एउटै विधेयकमा समावेश नगरी क्षेत्रगत रुपमा छुट्टा छुट्टै रुपमा विधेयक पेश गर्ने । | भएको |
| ७. | वैदेशिक रोजगार न्यायाधीकरण सम्बन्धी व्यवस्था प्रदेशस्तर सम्म विस्तार गर्नको लागि आवश्यक व्यवस्था मिलाउनका लागि ध्यानाकर्षण गरियो । | नभएको |

उपर्युक्त तालिकालाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १




उपर्युक्त वृत्तचित्रमा माथि उल्लेखित निर्देशनहरुको कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको छ । यसले पचासी प्रतिशत निर्देशन कार्यान्वयन भएको र पन्ध्र प्रतिशत कार्यान्वयन नभएको अवस्था दर्शाएको छ ।

### ३.२ कार्यसम्पादनमा देखा परेका समस्या

- ❖ समितिको कामकारबाहीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन आवश्यक आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको कमी रहेको छ ।
- ❖ समिति सभाकक्ष, समितिका सभापति, सचिव र सचिवालयका कर्मचारीको कार्यकक्ष फरक फरक स्थानमा हुँदा कार्यसम्पादनमा असहजता भएको छ ।
- ❖ समिति सञ्चालन तथा संसदीय कार्यप्रक्रिया सम्बन्धामा कर्मचारीलाई पर्याप्त तालिम उपलब्ध गराउन सकिएको छैन ।
- ❖ समितिको कामकारबाहीलाई प्रविधिमैत्री (Digitalized) बनाउन सकिएको छैन ।
- ❖ रुची र ज्ञानको आधारमा समितिका सदस्यहरुको छनोट नहुँदा बैठकमा माननीयहरुको सक्रियता सहभागितामा कमी देखिन्छ ।

- ❖ समितिको गतिविधिसँग सम्बन्धित पुराना अभिलेखहरुको व्यवस्थापन नभएको हुँदा संस्थागत स्मरणको कमी छ ।
- ❖ समितिलाई अध्ययन भ्रमण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- ❖ समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण/अध्ययन/तालिम उपलब्ध हुन सकेको छैन ।
- ❖ कानून, न्याय तथा मानव अधिकारसँग सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका दस्तावेज तथा पुस्तकहरुको पर्याप्त उपलब्धता छैन ।

# परिच्छेद–४
# निष्कर्ष, सुझाव तथा सिफारिस

## ४.१ निष्कर्ष

नेपालको संविधानको धारा ९७ मा रहेको व्यवस्था र प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ मा उल्लेखित काम कर्तव्य र अधिकारको सीमा भित्र रहेर यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु क्रमश : कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकार सँग सम्बन्धित विषयमा आवश्यकता अनुसार भूमिका निर्वाह गरिरहेको छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सम्बन्धी पहिलो दायित्व राज्यको हुने भएकोले त्यसको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरी आवश्यक सुझाव यस समितिले सरकारलाई दिँदै आएको छ ।

संघीय संसदको पहिलो अधिवेशन बसेको एक वर्षभित्र संविधान सँग बाझिएका विभिन्न ऐन कानूनहरु संविधान अनुकुल बनाउनै पर्ने संवैधानिक व्यवस्था थियो । यस सम्बन्धमा नेपाल सरकारले संघीय संसद (प्रतिनिधि सभा) मा पेश गरेको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ र नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा समावेश भएका १६० वटा विभिन्न ऐनहरुमाथि समितिले सम्बन्धित मन्त्रालय, विज्ञ र सरोकारवालासँग व्यापक छलफल गरी यसलाई समितिबाट संशोधन सहित सर्वसम्मतिले पारित गरी प्रतिनिधिसभा पेश गरेको थियो । सोही बमोजिम संघीय संसदका दुवै सभाबाट पारित भई उक्त कानूनहरु कार्यान्वयनमा आइसकेका छन् । संविधानमा व्यवस्था गरिएको समयावधिभित्र वृहत्तर छलफल गरी माथि उल्लेखित कानूनहरु पारित गरिरहँदा संविधान कार्यान्वयनको कार्यलाई सफलतापूर्वक अगाडि बढाई देशमा संवैधानिक तथा कानूनी रिक्तता हुनबाट जोगाउन यस समितिको उल्लेखनीय भूमिका रहेको छ ।

## ४.२ सुझाव तथा सिफारिस

❖ समितिको काम कारवाहीलाई सुचना प्रविधिमैत्री बनाउनु पर्ने ।

❖ पर्याप्त छलफलका आधारमा समितिमा प्राप्त विधेयकहरु पारित गर्नुपर्ने ।

- ❖ सातै प्रदेशका जनतासँग अन्तरक्रियात्मक कार्यक्रम गरी कानून निर्माण सम्बन्धमा सुझाव लिनुपर्ने ।
- ❖ राष्ट्रिय मानवअधिकार आयोगसँग निरन्तर छलफल गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि सरकारलाई आवश्यक निर्देशन दिने ।
- ❖ संसदीय समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन सचिवलायमा कार्यरत सम्पूर्ण कर्मचारीलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रममा अनिवार्य सहभागी गराउनुपर्ने ।
- ❖ समितिले आफ्नो कार्यक्षेत्रअन्तर्गतका निकायहरुको वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिनुपर्ने ।
- ❖ नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनको अवस्था बारे अध्ययन गरी सरकारलाई आवश्यक सुझाव दिनुपर्ने ।
- ❖ समितिका माननीय सदस्यहरुलाई कानूनी मस्यौदा निर्माणका सम्बन्धमा नियमित रुपमा विज्ञहरुसँग अन्तरक्रिया गराउनुपर्ने ।
- ❖ सभापतिको कार्यकक्ष र समितिको सचिवालयलाई आधुनिक पूर्वाधारयुक्त बनाउनुपर्ने ।

## अनुसूचीहरु

## अनुसूची – १

**समितिमा सदस्य रहुनभएका माननीय सदस्यहरुको नामावली**

| क्र.सं. | मा० सदस्यहरुको नाम थर | दलीय आवद्धता |
|---|---|---|
| १ | मा० श्री कृष्ण भक्त पोखे्रल | नेकपा |
| २ | मा० श्री अतहर कमाल मुसलमान | नेपाली कांग्रेस |
| ३ | मा० श्री उमाशंकर अरगरिया | संघीय समाजवादी फोरम |
| ४ | मा० श्री कलु देवी विश्वकर्मा | संघीय समाजवादी फोरम |
| ५ | मा० श्री गोमा देवकोटा | नेकपा |
| ६ | मा० श्री देव प्रसाद गुरुङ | नेकपा |
| ७ | मा० श्री देव प्रसाद तिमल्सेना | नेपाली कांग्रेस |
| ८ | मा० श्री पदम गिरी | नेकपा |
| ९ | मा० श्री पद्म नारायण चौधरी (थारु) | नेपाली कांग्रेस |
| १० | मा० श्री बालकृष्ण खाँण | नेपाली कांग्रेस |
| ११ | मा० श्री बिमला बि.क. | नेकपा |
| १२ | मा० श्री महेन्द्र कुमारी लिम्बु | नेपाली कांग्रेस |
| १३ | मा० श्री माया देवी न्यौपाने | नेकपा |
| १४ | मा० श्री मिन बहादुर विश्वकर्मा | नेपाली कांग्रेस |
| १५ | मा० श्री रविन्द्र राज शर्मा | नेकपा |
| १६ | मा० श्री राजेन्द्र प्रसाद गौतम | नेकपा |
| १७ | मा० श्री रामेश्वर राय यादव | नेकपा |
| १८ | मा० श्री लक्ष्मण लाल कर्ण | राजपा |
| १९ | मा० श्री लाल बहादुर थापा | नेकपा |
| २० | मा० श्री विष्णु शर्मा | नेकपा |
| २१ | मा० श्री शेर बहादुर तामाङ्ग | नेकपा |
| २२ | मा० श्री समीना हुसेन | नेकपा |
| २३ | मा० श्री सुवास चन्द्र नेम्वाङ्ग | नेकपा |
| २४ | मा० श्री संजय कुमार गौतम | नेपाली कांग्रेस |

**पदेन सदस्य**

| क्र.सं. | सदस्यको नाम, थर | दलीय आवद्धता |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली | नेकपा |
| २. | माननीय मन्त्री, श्री भानुभक्त ढकाल<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेकपा |

# अनुसुची – २

## समिति सचिवालयसँग सम्बद्ध कर्मचारीको नामवली

**समिति सचिवालयतर्फ :**

| | | |
|---|---|---|
| श्री मनोहरप्रसाद भट्टराई | – | महासचिव |
| श्री गोपालनाथ योगी | – | प्रतिनिधि सभा सचिव |
| डा० भरतराज गौतम | – | सचिवालय सचिव |
| श्री ध्रुवप्रसाद घिमिरे | – | सचिवालय सचिव |
| श्री रामकुमार पौडेल | – | उपसचिव |
| श्री लक्ष्मण अर्याल | – | उपसचिव |
| श्री शिवराम अधिकारी | – | शाखा अधिकृत |
| श्री मेघराज अर्याल | – | शाखा अधिकृत |
| श्री शकुन्तला भट्ट | – | नायव सुब्बा |
| श्री समिर लम्साल | – | नायव सुब्बा |
| श्री जयगोविन्द महर्जन | – | कार्यालय सहयोगी |

# अनुसूची–३

## उपसमितिको प्रतिवेदन

## कानून, न्याय तथा मानव अधिकार समितिको कार्यविधि, २०७५

**प्रस्तावनाः** समितिको बैठकलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन वाञ्छनीय भएकोले॰ संघीय संसदको प्रतिनिधि सभा नियमावली॰ २०७५ को नियम १७५ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी कानून॰ न्याय तथा मानव अधिकार समितिले यो कार्यविधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कानून॰ न्याय तथा मानव अधिकार समितिको कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा॰–

(क) "उप समिति" भन्नाले समितिको निश्चित काम गर्ने गरी कानून॰ न्याय तथा मानव अधिकार समितिद्धारा गठित उपसमिति सम्झनु पर्छ । सो शब्दले समितिद्धारा गठित कार्यदल समेतलाई जनाउँछ ।

(ख) "कार्यक्षेत्र" भन्नाले कानून॰ न्याय तथा संसदीय मामिला मन्त्रालय॰ न्याय परिषद्॰ न्याय सेवा आयोग॰ महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकार सम्झनु पर्छ । सो शब्दले ती निकायको वार्षिक प्रतिवेदन समेतलाई जनाउँछ ।

(ग) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ र सो शब्दले समितिद्धारा गठित उपसमिति वा कार्यदलको बैठक समेतलाई जनाउँछ ।

(घ) "सचिव" भन्नाले कानून॰ न्याय तथा मानव अधिकार समितिको सचिव सम्झनुपर्दछ र सो शब्दले सचिवको अनुपस्थितिमा काम गर्ने अधिकृत समेतलाई जनाउँछ ।

(ङ) "सदस्य" भन्नाले कानून॰ न्याय तथा मानव अधिकार समितिको सदस्य सम्झनुपर्दछ ।

(च) "सभापति" भन्नाले कानून, न्याय तथा मानव अधिकार समितिको सभापति सम्झनुपर्दछ । सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने सदस्य समेतलाई जनाउँछ ।

(छ) "समिति" भन्नाले कानून, न्याय तथा मानव अधिकार समिति सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले कानून, न्याय तथा मानव अधिकार समितिद्धारा गठित उपसमितिको संयोजक सम्झनुपर्दछ ।

**३. बैठकको कार्यसूचीः** समितिको बैठकको कार्यसूची सभापतिको सल्लाह र निर्देशनमा सचिवले तयार गर्नेछ । त्यस्तो कार्यसूचीको जानकारी बैठक प्रारम्भ हुनुभन्दा कम्तिमा एक दिन अगाडि सदस्यहरुलाई उपलब्ध गराईनेछ ।

**४. उपस्थितिः** (१) समितिको बैठकमा उपस्थित सदस्यले वर्णानुक्रमानुसार निर्णय कितावमा उल्लेखित आफ्नो नामको अगाडि दस्तखत गर्नुपर्नेछ ।

(२) लगातार पाँच वटा बैठकमा अनुपस्थित रहने सदस्यले सभापति समक्ष जानकारी गराउनुपर्नेछ ।

(३) सभापतिलाई जानकारी गराई बैठकमा अनुपस्थित रहने सदस्यको निर्णय कितावमा उल्लेखित नामको अगाडि उपस्थित हुन नसक्ने जानकारी गराएको व्यहोरा उल्लेख गरिनेछ ।

**५. समितिको बैठकः** (१) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(२) समितिको बैठकको सुचना बैठकको अन्त्यमा सभापति वा संयोजकबाट जानकारी गराइनेछ।

तर पछिल्लो बैठकको कार्यसूची तय नभएको अवस्थामा समिति सचिवालयबाट लिखितरुपमा पत्राचार वा टेलिफोन वा ईमेल वा मोबाईल एसएमएसको माध्यमबाट बैठकको सूचना सदस्यहरुलाई दिइनेछ ।

**६. बैठकको प्रारम्भ र अन्त्यः** सभापति वा संयोजकले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ ।

**७. बैठकको सञ्चालन र छलफलः** बैठकको शुरुमा नै कार्यसूचीमा परेको विषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठक सञ्चालन गरिनेछ । सभापति वा संयोजकले आवश्यकता अनुसार सदस्यले बोल्ने समयको निर्धारण गरी छलफल प्रारम्भ गर्न सक्नेछ ।

८. **पुरा समय बैठकमा भाग लिनेः** विशेष कारण परेको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपछि अन्त्य नभएसम्म सदस्यहरु बैठकमा उपस्थित रहनेछन् ।

९. **बैठक स्थगित हुनेः** (१) समितिको बैठक प्रारम्भ हुने निर्धारित समय भन्दा पछि सामान्यतया आधा घण्टा सम्म गणपुरक संख्या नपुगेमा उपस्थित सदस्यहरुको अभिलेख राखी कारण सहित सभापति वा संयोजकले बैठक स्थगित गरी अर्को बैठकको मिति र समय तय गर्नेछ ।

(२) गणपुरक संख्या नपुगी बैठक स्थगित भएपछि अर्को बैठक बस्ने मिति र समयको जानकारी सबै सदस्यलाई दिइनेछ ।

१०. **कार्यसूची र कागजात उपलब्ध गराउनेः** समितिको विषयसँग सम्बन्धित कागजात॰ सूचना वा जानकारी समितिका सदस्यलाई सचिवले उपलब्ध गराउनेछ ।

११. **विधेयकको दफाबार छलफलः** (१) समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयबाट पेश भएको विधेयक प्रतिनिधि सभाको बैठकबाट समितिमा दफाबार छलफलको लागि प्राप्त भएमा त्यस्तो विधेयकमाथि समितिमा दफाबार छलफल हुनेछ ।

(२) समितिको बैठकमा विधेयकमाथि दफाबार छलफल गर्दा सम्बन्धित विषयका विशेषज्ञ वा सरोकारवालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) विधेयक माथि दफाबार छलफल समाप्त भएपछि सो सम्बन्धी प्रतिवेदन तयार गरी प्रतिनिधि सभामा पेश गरिनेछ ।

१२. **महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनमाथि छलफल गर्नेः** (१) महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन प्रतिनिधि सभामा प्रस्तुत भएपछि सो प्रतिवेदनमाथि समितिले छलफल गर्नेछ ।

(२) समितिले महान्यायाधिवक्ताको कार्यालयको प्रतिवेदनमाथि छलफल गर्दा आवश्यकता अनुसार महान्याधिवक्ता वा महान्याधिवक्ताको कार्यालय वा अन्य पदाधिकारी वा विज्ञलाई बैठकमा बोलाउन सक्नेछ ।

(३) समितिले महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदनमाथि आवश्यक छलफल वा विचार विमर्श गरी सो सम्बन्धी प्रतिवेदन प्रतिनिधि सभामा प्रस्तुत गर्नेछ ।

(४) समितिले महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन माथि छलफल गर्दा सरकारवादी हुने मुद्धाको अनुसन्धान॰ तहकिकात॰ मुद्धाको दायरी॰ कारागार निरीक्षण॰

पुनरावेदन॰ सरकारी वकिलद्धारा सरकारी मुद्धाको सञ्चालन॰ हिरासतमा रहेका व्यक्तिप्रति हुने व्यवहार॰ आफन्त एवं कानून व्यवसायीसँग भेटघाट गर्न दिने विषय॰ मुद्धा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको प्रभावकारी कार्यान्वयन लगायत समितिको कार्यक्षेत्रसँग सम्बन्धित अन्य विभिन्न विषय कानूनसंगत एवं सन्तोषजनक रुपमा भए वा नभएको सम्बन्धमा सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१३. **मानव अधिकार सम्बन्धमाः** नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि, प्रोटोकलहरुको कार्यान्वयनको अवस्था र मानव अधिकारको कार्यान्वयन, उलंघनको सम्बन्धमा अध्ययन, अनुगमन गरी सम्बन्धित निकाय वा पदाधिकारीहरुलाई आवश्यक राय वा सुझाव वा निर्देशन दिन सक्नेछ ।

१४. **राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदनमाथि छलफल गर्नेः** राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन समितिमा प्राप्त भएपछि आवश्यक छलफल गरी समितिले राय सुझाव दिन सक्नेछ ।

१५. **सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमाथि छलफल गर्नेः** सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन समितिमा प्राप्त भएपछि न्याय सम्पादनको विषय बाहेक अन्य विषयमा आवश्यक छलफल गरी समितिले राय सुझाव दिन सक्नेछ ।

१६. **उपसमिति वा कार्यदलको गठनः** (१) समितिको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा सम्पादन गर्नुपर्ने कुनै काम गर्नको लागि आवश्यकतानुसार उपसमिति वा कार्यदल गठन गर्नुपर्ने भएमा त्यस्तो उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।

(२) उपसमिति वा कार्यदलमा सदस्यको ज्ञान॰ अनुभव र समितिमा रहेका सदस्यहरुको समानुपातिक समावेशी प्रकृतिलाई ध्यान दिई आवश्यकता अनुसारको संख्यामा सदस्यहरु रहनेछन् ।

(३) सभापतिले उपसमितिमा रहने सदस्यहरुको नाम सहित सम्पादन गर्नुपर्ने काम र समयावधि समेत निर्धारण गरी बैठक समक्ष प्रस्ताव राख्नेछ ।

(४) यसरी गठन हुने उपसमिति वा कार्यदलका सदस्यहरुले आफूमध्येबाट एकजना सदस्यलाई संयोजक चयन गर्नेछन् ।

**१७. अनुगमन तथा मुल्याङ्कन उपसमिति गठनः** (१) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुमा नेपाल सरकार वा सम्बन्धित पदाधिकारीलाई दिइएको निर्देशन वा सुझावको पालना वा कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन वा मुल्याङ्कन गर्नका लागि समितिमा रहेका सदस्यहरु मध्येबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा एक अनुगमन तथा मुल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(२) यसरी गठन भएको उपसितिले आफ्नो कार्ययोजना आफै बनाई सो अनुसार कार्यसम्पादन गर्न सक्नेछ ।

(३) यसरी गठन गरिने अनुगमन तथा मूल्याङ्कन उपसमितिका सदस्यहरुले आफूमध्येबाट एकजना सदस्यलाई संयोजक चयन गर्नेछन् ।

**१८. कागजपत्र झिकाउन वा कुनै पदाधिकारी वा व्यक्तिलाई उपस्थित गराउन सक्नेः** (१) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्वन्धित कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै विषयमा छलफल गर्न वा स्पष्टीकरण सोध्न कुनै व्यक्ति वा निकाय वा पदाधिकारीलाई उपस्थित गराउन सक्नेछ ।

(२) यसरी उपस्थित गराइएको व्यक्ति वा पदाधिकारीबाट समितिले आवश्यक जानकारी लिन सक्नेछ ।

(३) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक कागजात° सुचना° तथ्याङ्क वा अन्य सन्दर्भ सामग्रीहरु माग गरेमा सो कागजात° सुचना° तथ्याङ्क लगायतका सन्दर्भ सामग्री सम्वन्धित निकाय वा पदाधिकारी वा व्यक्तिले समितिमा निर्धारित समयभित्रै पेश गर्नुपर्नेछ ।

(४) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सम्बन्धित निकाय वा पदाधिकारी वा व्यक्तिलाई निर्देशन दिन सक्नेछ ।

**१९. प्रतिवेदन प्रस्तुत गर्नेः** यस कार्यविधि बमोजिम गठित उपसमिति वा कार्यदलले तोकिएको समयावधि भित्रै आफूलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी बैठक समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर विशेष कारणवश समयभित्र कार्य सम्पन्न हुन नसकेको कारण सहित उपसमिति वा कार्यदलले अबधि बढाउन माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ ।

२०. **प्रतिवेदन उपरको छलफलः** उपसमिति वा कार्यदल वा अनुगमन तथा मूल्याङ्कन उपसमितिको प्रतिवेदन उपर समितिको बैठकमा छलफल हुनेछ । समितिले त्यस्तो प्रतिवेदन पूर्ण वा परिमार्जन सहित स्वीकृत गर्न सक्नेछ ।

२१. **समितिको अभिलेखः** समितिमा भएको छलफल,निर्णय र काम कारवाहीसँग सम्बन्धित अभिलेख सभापतिको निर्देशानुसार सचिवले व्यवस्थित गरी राख्नेछ । त्यस्तो निर्णय र अभिलेख सभापतिको अनुमति विना संघीय संसद सचिवालय बाहिर लैजान सकिने छैन ।

२२. **बैठकको निर्णयः** (१) बैठकका निर्णयहरु सकेसम्म सर्वसम्मतिबाट गरिनेछ । सर्व सम्मत निर्णय हुन नसकेमा वहुमतबाट निर्णय हुनेछ ।

(२) सभापतिले बैठकलाई मर्यादीत बनाउन सदस्यहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) बैठकमा सामान्यतया प्रेस र सरोकारवालालाई प्रवेश दिने सम्बन्धी आवश्यक व्यवस्था सभापतिको निर्देशनमा सचिवले गर्नेछ ।

२३. **अन्य समितिसँग समन्वय र सहकार्य गर्न सक्नेः** यस समितिले आवश्यकतानुसार अन्य विषयगत समितिसँग सम्बन्धित विषयमा छलफल, अन्तक्रिया, समन्वय र सहकार्य गर्न सक्नेछ।

२४. **व्याख्या :** यो कार्यविधिको व्याख्या गर्ने अधिकार सभापतिमा निहित रहनेछ ।

२५. **संशोधन :** यस कार्यविधिलाई समितिले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

# अनुसुची – ४

## संघीय संसद
## प्रतिनिधि सभा
## कानून, न्याय तथा मानव अधिकार समिति

## नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५

**१. पृष्ठभूमि :**

नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी संघीय संसद, प्रतिनिधि सभाको मिति २०७५ साल माघ ४ गतेको बैठकले गरेको निर्णयानुसार नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ र सो विधेयकमा माननीय सदस्यहरुबाट दर्ता गरिएका संशोधन सहित प्रस्तुत विधेयक समितिमा प्राप्त हुन आएको थियो ।

एक सय छ वटा नेपाल कानूनलाई संशोधन गर्न समावेश गरिएको उक्त विधेयकमाथि बाह्र जना माननीय सदस्यबाट त्रिसठ्ठी वटा संशोधनहरु प्राप्त भएका थिए । मिति २०७५ साल माघ १० र १५ गते बसेको समितिको बैठकमा नेपाल सरकारको तर्फबाट संशोधन विधेयक प्रस्तुत गर्नु पर्नाको कारण र औचित्यका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीबाट विस्तृत जानकारी लिइयो । छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरुबाट संशोधन प्रस्तुत गर्नुका कारण र विधेयकको आवश्यकता सम्बन्धमा आफ्ना धारणा राख्नुका साथै उक्त सम्बन्धमा सरकारको धारणा स्पष्ट गर्ने कार्य समेत भयो ।

मिति २०७५ साल माघ २० गते बसेको समितिको बैठकमा नेपाल सरकारबाट प्रस्तुत संशोधन विधेयक, माननीय सदस्यबाट परेको संशोधन तथा समितिमा भएको छलफलको आधारमा प्रस्तावित नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा देहाय बमोजिम परिमार्जन गर्ने गरी सो को प्रतिवेदन सहित प्रतिनिधि सभामा पेश गर्ने निर्णय समितिबाट सर्वसम्मतिले पारित भएकोले यो प्रतिवेदन सभा समक्ष पेश गरिएको छ ।

**२. विधेयकमा गरिएको परिमार्जन :**

१. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा ८ अर्थात तथ्याङ्क ऐन, २०१५ को दफा ७ ग. को उपदफा (३) मा रहेको "विश्लेषण" भन्ने शब्द पछि "गर्ने" भन्ने शब्द थप गर्ने ।

२. विधेयकको दफा ८४ अर्थात व्यवस्थापिका–संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ६ मा रहेको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :–

"(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सभामुख – सभापति

(ख) राष्ट्रिय सभाको अध्यक्ष – सदस्य

(ग) उपसभामुख – सदस्य

(घ) राष्ट्रिय सभाको उपाध्यक्ष – सदस्य

(ङ) महासचिव – सदस्य

(च) प्रतिनिधि सभाको सचिव – सदस्य

(छ) राष्ट्रिय सभाको सचिव – सदस्य

(ज) सचिवालय सचिव (संसदीय अध्ययन तथा अनुसन्धान) – सदस्य

(झ) सचिवालय सचिव (प्रशासन) – सदस्य सचिव"

३. विधेयकको दफा ९३ को सट्टा देहायको दफा ९३ राख्ने :-

"९३. जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ मा संशोधन : जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को,-

(१) दफा ४ को ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा" भन्ने शब्दरुको सट्टा "जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरु राखिएका छन् ।

(२) लामो शीर्षक, संक्षिप्त नाम र प्रारम्भ लगायत ठाउँ ठाउँमा रहेका "जातीय भेदभाव तथा छुवाछूत", "छुवाछूत तथा भेदभाव", "जातीय भेदभाव वा छुवाछूत" तथा "जातीय छुवाछूत वा भेदभाव" भन्ने शब्दहरुको सट्टा "जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।"

**(कृष्ण भक्त पोखरेल)**
**सभापति**

**मिति : २०७५।१०।२०**

# अनुसुची – ५

## नेपालको संविधान अनुकुल बनाउनकेही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा समावेश भएका ऐनहरु

१. प्राचीन स्मारक संरक्षण ऐन, २०१३

२. विकास समितित ऐन, २०१३

३. अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३

४. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४

५. आवश्यक सेवा सञ्चालन ऐन, २०१४

६. गैरसरकारी हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५

७. तथ्यांक ऐन, २०१५

८. जलचर संरक्षण ऐन, २०१७

९. आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७

१०. ब्रेटन उड्स सम्झौता ऐन, २०१८

११. अन्तर्राष्ट्रिय विकास एशोसियशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९

१२. आय टिकट दस्तुर ऐन, २०१९

१३. कर्मचारी सञ्चयकोष ऐन, २०१९

१४. गोरखापत्र संस्थान ऐन, २०१९

१५. हुलाक ऐन, २०१९

१६. राष्ट्रिय समाचार समिति ऐन, २०१९

१७. साझेदारी ऐन, २०२०

१८. संक्रामक रोग ऐन, २०२०

१९. अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२

२०. खाद्य ऐन, २०२३

२१. होटेल व्यवस्था तथा मदिराको बिक्री विरण (नियन्त्रण) ऐन, २०२३

२२. ऋण तथा जमानता ऐन, २०२५

२३. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६

२४. जाँचबुझ आयोग ऐन, २०२६

२५. सञ्चार संस्थान ऐन, २०२८

२६. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

२७. चन्दा ऐन, २०३०

२८. सार्वजनिक सडक ऐन, २०३१

२९. कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

३०. दाना पदार्थ ऐन, २०३

३१. विनिमेय अधिकार पत्र ऐन, २०३४

३२. जग्गा प्राप्ति ऐ,न २०३४

३३. पर्यटन ऐन, २०३५

३४. औषधि ऐन, २०३५

३५. राष्ट्रिय प्रकृति संरक्षण कोष ऐ,न २०३९

३६. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९

३७. लुम्बिनी विकास कोष ऐन, २०४२

३८. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४

३९. बीउबिजन ऐन, २०४५

४०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५

४१. अभिलेख संरक्षण ऐन, २०४६

४२. सार्वजनिक सुरक्षा ऐन, २०४६

४३. नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७

४४. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८

४५. राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८

४६. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८

४७. प्रेस काउन्सिल ऐन, २०४८

४८. जलस्रोत ऐन, २०४९

४९. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९

५०. राष्ट्रिय सहकारी वकास बोर्ड ऐन, २०४९

५१. समाज कल्याण ऐन, २०४९

५२. आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९

५३. वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९

५४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

५५. नेपाल स्काउट ऐन, २०५०

५६. निजीकरण ऐन, २०५०

५७. श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१

५८. नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२

५९. नेपाल नागरिक उडड्यन प्राधिकरण ऐन, २०५३

६०. दुरसञ्चार ऐन, २०५३

६१. नेपाल चार्टड एकाउन्टेन्ट्स ऐन, २०५३

६२. अन्तर्राष्ट्रि वित्तीय कारोबार ऐन, २०५४

६३. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५

६४. पशु स्वासथ्य तथा पशु सेवा ऐन, २०५५

६५. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५

६६. नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५

६७. पशु बधशाला र मासु जाँच ऐन, २०५५

६८. नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५

६९. निर्माण व्यवसाय ऐन, २०५५

७०. शहीद गंङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७

७१. नेपाल फार्मेसी परिषद् ऐन, २०५७

७२. आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

७३. सडक बोर्ड ऐन, २०५८

७४. प्रतिलिपि अधिकार ऐन, २०५९

७५. नोटरी पब्लिक परिषद् ऐन, २०६३

७६. पुर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३

७७. नेपाल कानून आयोग ऐन, २०६३

७८. सैनिक ऐन, २०६३

७९. कम्पनी ऐन, २०६३

८०. सार्वजनिक खरिद ऐन, २०६३

८१. सार्वजनिक खरिद ऐन, २०६३

८२. विरुवा संरक्षण ऐन, २०६४

८३. व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐनन, २०६४

८४. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४

८५. सुचनाको हक सम्बन्धी ऐन, २०६४

८६. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

८७. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४

८८. विभुषण ऐन, २०६४

८९. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६

९०. घरेलु हिँसा (कसुर र सजाय) ऐन, २०६६

९१. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठडान ऐन, २०६८

९२. छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८

९३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

९४. बोक्सीको आरेप (कसुर र सजाय) ऐन, २०७२

९५. पोखरा स्वस्य विज्ञान प्रतिष्ठान ऐन, २०७२

९६. खोप ऐन, २०७२

९७. स्थानीय तह निर्वाचन ऐन, २०७३

९८. बैँक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३

९९. विद्युत नियमन आयोग ऐन, २०७४

१००. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४

१०१. स्वास्थ्य बीमा ऐन, २०७४

१०२. अन्तर सकारी वित्त व्यवस्थापन ऐन, २०७४

१०३. उपभोक्ता संरक्षण ऐन, २०७५

१०४. सामाजिक सुरक्षा ऐन, २०७५

# अनुसूची–६

## संघीय संसद
## प्रतिनिधि सभा
## कानून, न्याय तथा मानव अधिकार समिति
## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७५

**१. पृष्ठभूमि :**

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी संघीय संसद, प्रतिनिधि सभाको मिति २०७५ साल पुस २५ गतेको बैठकले गरेको निर्णयानुसार उक्त विधेयक र सो विधेयकमा माननीय सदस्यहरुबाट दर्ता गरिएका संशोधन सहित छलफलको लागि समितिमा प्राप्त हुन आएको थियो ।

छपन्न वटा नेपाल कानूनलाई संशोधन गर्न समावेश गरिएको उक्त विधेयकमाथि अठ्तीस जना माननीय सदस्यबाट दर्ता गरिएका असीवटा संशोधनहरु प्राप्त भएका थिए । मिति २०७५ साल माघ ३ गते बसेको समितिको बैठकमा नेपाल सरकारको तर्फबाट संशोधन विधेयक प्रस्तुत गर्नु पर्नाको कारण र औचित्यका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीबाट विस्तृत जानकारी लिइयो । छलफलको क्रममा विधेयकमा समावेश गरिएका ऐनसँग सम्बन्धित मन्त्रालयका माननीय मन्त्री र सचिव लगायत विभागीय पदाधिकारी एवं सरोकारवालाहरुसँग छुट्टा छुट्टै छलफल र परामर्श गर्न कार्यतालिका बनाई सोही अनुरुप छलफल गरी विधेयकमा आवश्यकता अनुसार परिमार्जन गर्ने विधि अपनाउने सहमति गरियो ।

कार्य सम्पादनको सिलसिलामा मिति २०७५ साल माघ ९ गतेको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग आवश्यक छलफल गरियो । त्यसैगरी माघ १० गतेको बैठकमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गृह मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल गरियो ।

मिति २०७५ साल माघ १३ गतेको बैठकमा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरुबाट संशोधन प्रस्तुत गर्नु पर्नाका कारण र औचित्यका सम्बन्धमा आफ्ना धारणा राख्ने कार्य भयो । तत्पश्चात् माघ १४ गतेको बैठकमा अर्थ मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका साथै प्रतिनिधिमूलकरुपमा केही संशोधनकर्ता माननीयसँग थप छलफल गरियो । सोही बैठकमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, संयुक्त ट्रेड युनियन समन्वय समिति, वैदेशिक रोजगार व्यवसायी संघ, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक विद्युत महासंघ र नेपाल इनर्जी फाउण्डेसनका प्रमुख तथा प्रतिनिधिहरुसँग समेत विस्तृत छलफल गरियो ।

मिति २०७५ साल माघ २३ गते बसेको समितिको बैठकमा माननीय गृह मन्त्रीसहित निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त तथा तत्तत् निकायका सचिवहरुसँग थप छलफल गरियो । त्यस्तै, माघ २७ गते बसेको बैठकमा नेपाल सरकारबाट प्रस्तुत संशोधन विधेयक, माननीय सदस्यबाट परेको संशोधन तथा यसअघि समितिमा भएको छलफलको आधारमा विधेयकमा प्रस्तुत गरिएका प्रावधान र संशोधन प्रस्तावहरुमाथि एकीकृतरुपमा गहन छलफल तथा आवश्यकतानुसार परिमार्जन समेत गरी सो सम्बन्धी प्रतिवेदनको मस्यौदा समितिको अर्को बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देश गरियो ।

तदनन्तर, मिति २०७५ साल माघ २८ गते बसेको बैठकमा समिति सचिवालयबाट प्रस्तुत गरिएको मस्यौदा प्रतिवेदनमाथि छलफल गरी प्रस्तुत केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा देहाय बमोजिम परिमार्जन गर्ने गरी सो को प्रतिवेदन सहित प्रतिनिधि सभामा पेश गर्ने निर्णय समितिबाट सर्वसम्मतिले पारित भएकोले यो प्रतिवेदन पेश गरिएको छ ।

**२. विधेयकमा गरिएको परिमार्जन :**

१. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा ४ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) दफा ५ को उपदफा (१) मा रहेका "क्षेत्रीय प्रशासकको" भन्ने शब्दहरु भिकिएका छन् ।"

२. विधेयकको दफा ६ को,-

(क) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिका उपदफा क्रम मिलाउने,-

"(४) दफा ७ को,-

(अ) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले पाउने बोनस देहायको रकमभन्दा बढी हुने छैनः-

(क) नेपाल सरकाले तोकेको न्यूनतम पारिश्रमिकको दोब्बरसम्म मासिक तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो आठ महिनाको तलब वा ज्याला बराबरको रकम,

(ख) खण्ड (क) भन्दा बढी तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो छ महिनाको तलब वा ज्याला बराबरको रकम,"

(आ) उपदफा (४) मा रहेका "र खण्ड (ग) बमोजिम पाउने न्यूनतम बोनस रकम खण्ड (ख) बमोजिमको अधिकतम बोनस रकम भन्दा कम" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) साविकको उपदफा (४) उपदफाको क्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा ७ को,-

(क) उपदफा (१) बाट संशोधन प्रस्ताव गरिएको दफा ३ को उपदफा (१) मा रहेका "केन्द्रीय पञ्जिकरण विभागको" भन्ने शब्दहरुको सट्टा "राष्ट्रिय परिचयपत्र व्यवस्थापन तथा पञ्जिकरण विभागको" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) दफा ५ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) दफा ४ को उपदफा (१) वा (२) मा तोकिएको अवधि नाघेपछि व्यक्तिगत घटना दर्ता गराउन आएमा स्थानीय पञ्जिकाधिकारीले पचास रुपैंया दस्तुर लिई दर्ता गर्नेछ ।"

(ख) उपदफा (४) झिकिएको छ ।"

४ विधेयकको दफा १० को उपदफा (२) बाट संशोधन प्रस्ताव गरिएको दफा ४ को उपदफा ४.२ को,-

(क) खण्ड ४.२.१ पछि देहायको खण्ड ४.२.२ थप गरी त्यसपछिका खण्डको क्रम मिलाउने :-

"४.२.२ सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य -सदस्य"

(ख) खण्ड ४.२.५ मा रहेका "मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित स्थानीय तहको कार्यपालिकाले" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा १३ को उपदफा (५) मा रहेका "दश लाख" भन्ने शब्दहरुको सट्टा "पाँच लाख" भन्ने शब्दहरु राख्ने ।

६ विधेयकको दफा १४ को,-

(क) उपदफा (१२) बाट संशोधन गर्न प्रस्ताव गरिएको उपदफा (१) मा रहेका "तोकेको अधिकृतले" भन्ने शब्दहरुको सट्टा "तोकेको नेपाल वन सेवाको अधिकृतले" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (१४) बाट संशोधन गर्न प्रस्ताव गरिएको उपदफा (१) मा रहेका "विदेशी" भन्ने शब्द झिकी सोही उपदफामा रहेका "संरक्षित वन" भन्ने शब्दहरुको सट्टा "संरक्षित वन, साझेदारी वन" भन्ने शब्दहरु राख्ने ।

(ग) उपदफा (१५) बाट संशोधन गर्न प्रस्ताव गरिएको दफा ७२क. मा रहेका "वा प्रदेश मन्त्रालय" भन्ने शब्दहरु झिक्ने ।

७. विधेयकको दफा २४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) दफा १४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कसैले सार्वजनिक लिखत किर्ते गरेमा, नभएको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा केरमेट गरेमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २७६ को उपदफा (३) बमोजिम सजाय हुनेछ ।"

(ख) उपदफा (२) झिकिएको छ ।

८. विधेयकको दफा २६ को,-

(क) उपदफा (२) को खण्ड (क) बाट संशोधन गर्न प्रस्ताव गरिएको दफा ११ को उपदफा (२) मा रहेका "वार्षिक पाँचहजारसम्म कामदार पठाउने लक्ष्य राखी ईजाजत माग गर्ने संस्थाको हकमा धरौटी वापत एक करोड रुपैयाँ नगदै र दुई

करोड रुपैयाँको बैक ग्यारेण्टी तथा" भन्ने शब्दहरुको सट्टा "वार्षिक तीन हजारसम्म कामदार पठाउने लक्ष्य राखी ईजाजत माग गर्ने संस्थासँग धरौटी वापत पचास लाख रुपैयाँ नगदै र एक करोड पचास लाख रुपैयाँको बैक ग्यारेण्टी, वार्षिक तीनहजार भन्दा बढी पाँचहजारसम्म कामदार पठाउने लक्ष्य राखी ईजाजत माग गर्ने संस्थासँग धरौटी वापत एककरोड रुपैयाँ नगदै र तीन करोड रुपैयाँको बैक ग्यारेन्टी तथा" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (३) मा रहेको ११क. भन्ने शब्दहरुको सट्टा "११क. र ११ख." भन्ने शब्दहरु राखी सोही उपदफाबाट थप गर्न प्रस्ताव गरिएको दफा ११क. पछि देहायको दफा ११ख. थप गर्ने :-

"११ख. **एकाघर सगोलका परिवारको शेयर रहेको एक भन्दा बढी संस्थालाई इजाजत नदिईने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ भएपछि एका घर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्थालाई इजाजतपत्र दिईने छैन ।

(२) यो दफा प्रारम्भ हुँदाका बखत एका घर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्था भएमा यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र एक आपसमा दफा ११क. बमोजिम गाभिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको अवधि पछि एका घर सगोलका परिवारका सदस्यको शेयर रहेका एक भन्दा बढी संस्थाको इजाजतपत्र नवीकरण गरिने छैन ।"

(ग) उपदफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने,-

(ख) उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-

" (घ१) दफा १४ विपरित स्वामित्व वा दायित्व हस्तान्तरण वा परिवर्तन गरेमा,

(घ२) लगातार दुई वर्षसम्म वार्षिक एकसय जना पनि कामदार पठाउन नसकेमा,"

(ख) उपदफा (७) बाट थप गर्न प्रस्ताव गरिएको दफा २१क. को सट्टा देहायको दफा २१क.राख्ने :-

""२१क. **उजुरी दिन सकिनेः** (१) यस ऐन बमोजिम उजुरी गर्न सकिने विषयमा हुलाक वा विद्युतीय माध्यमबाट समेत उजुरी गर्न सकिनेछ र त्यसरी प्राप्त भएको उजुरी विभाग वा कार्यालयले दर्ता गरी कारबाही गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम विभाग समक्ष उजुरी गर्न सकिने विषयमा सम्बन्धित जिल्लास्थित प्रमुख जिल्ला अधिकारी समक्ष समेत उजुरी दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारी समक्ष परेको उजुरी इजाजतपत्र प्राप्त संस्था उपर परेकोमा सात दिनभित्र सो उजुरी विभागमा पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम कुनै व्यक्ति उपर परेको उजुरी सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरी कामदार वा निजको प्रतिनिधिलाई क्षतिपूर्ति भराई दिनु पर्ने देखिएमा दुबै पक्षविच छलफल गराई क्षतिपूर्ति भराईदिने गरी मेलमिलाप गराउन सक्नेछ र त्यसरी मेलमिलाप गराएको जानकारी विभागलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मेलमिलाप हुन नसकेको अवस्थामा वा उजुरीको प्रकृतिबाटै मेलमिलाप गराउन मिल्ने नदेखिएमा प्रमुख जिल्ला अधिकारीले सक्कलै उजुरी आवश्यक कारबाहीको लागि विभागमा पठाउनु पर्नेछ ।"

९. विधेयकको दफा **३१** को उपदफा (१) बाट संशोधन गर्न प्रस्ताव गरिएको उपदफा (२क) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्ने :-

"तर अनुमतिपत्र लिनु पर्ने बाहेकका सम्वत् **२०७३** साल मंसिर **७** गते अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत सञ्चालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ ।"

१०. विधेयकको दफा **३६** को,-

(क) उपदफा (१) मा थप गर्न प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्ने :-

"तर यस दफा बमोजिम अस्थायी दरबन्दी सृजना गर्दा वा करार वा ज्यालादारीमा कर्मचारी नियुक्तिको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई आयोगले बनाएको कार्यविधि बमोजिम गर्नु पर्नेछ ।"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"२८. **भैपरी रकमको खर्च स्वीकृत कार्यविधि बमोजिम गर्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आयोगको लागि बजेटमा छुट्याएको भैपरी आउने शीर्षक अर्न्तगतको रकमको खर्च नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा आयोगले बनाएको कार्यविधिको आधारमा गर्नु पर्नेछ ।"

(ग) उपदफा (३) बाट संशोधन गर्न प्रस्ताव गरिएको दफा ३८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने :-

"तर निर्वाचनका सम्बन्धमा तत्काल व्यवस्थापन गर्नु पर्ने तोकिए बमोजिमका निर्वाचन सामग्रीहरु खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट वा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्नेछ ।"

१०. विधेयकको दफा ३९ को उपदफा (१) बाट संशोधन गर्न प्रस्ताव गरिएको खण्ड (ख) मा रहेका "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरुको सट्टा "आयोगको सिफारिसमा" भन्ने शब्दहरु राख्ने ।

११. विधेयकको दफा ४७ को उपदफा (९) बाट थप गर्न प्रस्ताव गरिएको दफा ६२ख. को उपदफा (२) मा रहेका "पच्चीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरु राख्ने ।

१२. विधेयकको दफा ५२ झिकी त्यसपछिका दफा क्रम मिलाउने ।

१३. विधेयकको साविकको दफा ५५ दफाक्रम मिलाउँदा कायम हुने दफा ५४ को,-

(क) उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपी त्यसपछिका उपदफाको क्रम मिलाउने :-

"(४) परिच्छेद-६ को शीर्षकमा रहेका "प्रदेश विपद व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखिएका छन् ।

(५) मूल ऐनको परिच्छेद-६ को शीर्षक पछि देहायको दफा १३क. थप्ने :-

"१३क. **प्रदेश विपद् व्यवस्थापन परिषद** : प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने समेतको प्रयोजनको लागि प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद्मा रहने सदस्य, सो परिषद्को बैठक तथा निर्णय र तत् सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम हुनेछ ।"

(ख) साविकको उपदफा (४) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) को,-

(क) खण्ड (क) बाट संशोधन गर्न प्रस्ताव गरिएको उपदफा (१) मा रहेका "मुख्यमन्त्री वा निजले तोकेको मन्त्रीको" भन्ने शब्दहरुको सट्टा "प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रीको" भन्ने शब्दहरु र "प्रदेश विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राख्ने ।

(ख) खण्ड (ख) बाट थप गर्न प्रस्ताव गरिएको उपदफा (१क) मा रहेका "प्रदेश विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राख्ने ।

(ग) साविकको उपदफा (४) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) पछि देहायको उपदफा (७) थपी त्यसपछिका उपदफा क्रम मिलाउने :-

"(७) दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।"

(घ) साविकको उपदफा (५) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्ने :-

"(८) दफा २३ को सट्टा देहायको दफा २३ राख्ने :-

"२३. **अन्य कोष सम्बन्धी व्यवस्था** : (१) विपद् व्यवस्थापनको लागि प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहनेछ ।

(२) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धी काम गर्दा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराउन सक्नेछ र सो प्रयोजनको लागि उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोषबाट आवश्यक रकम जिल्ला विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष तथा स्थानीय विपद् व्यवस्थापन कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुनेछ ।"

(ङ) साविकको उपदफा (६) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (९) बाट थप गर्न प्रस्तावित दफा ४७क. को उपदफा (२) को,-

(१) खण्ड (क) मा रहेका "प्रदेश विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (ख) मा रहेका "तथा स्थानीय स्तरको" भन्ने शब्दहरु झिक्ने ।

(च) साविकको उपदफा (७) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (१०) पछि देहायको उपदफा (११) थप्ने :-

"(११) मूल ऐनको ठाउँ ठाउँमा रहेका "प्रदेश विपद व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।"

## ३. सुझाव तथा निर्देश

प्रस्तुत विधेयकका सम्बन्धमा समितिमा विभिन्न मितिमा भएको छलफलका आधारमा देहाय बमोजिमको व्यवस्था गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) लाई निर्देश गरिएको छ :-

१. नेपाल सरकारबाट केही नेपाल ऐन मार्फत संशोधन विधेयक प्रस्तुत गर्दा धेरैवटा मन्त्रालयसँग सम्बन्धित कानून एकमुष्ट रुपमा एउटै विधेयकमा समावेश नगरी क्षेत्रगत रुपमा छुट्टा छुट्टै रुपमा विधेयक पेश गर्ने ।
२. वैदेशिक रोजगार न्यायाधीकरण सम्बन्धी व्यवस्था प्रदेशस्तर सम्म विस्तार गर्ने ।

**(कृष्ण भक्त पोखरेल)**

**सभापति**

**मिति : २०७५।१०।२८**

# अनुसुची – ७

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मा समावेश भएका ऐनहरु

१. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०

२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९

३. स्थानीय प्रशासन ऐन, २०२८

४. शिक्षा ऐन, २०२८

५. बोनस ऐन, २०३०

६. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

७. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१

८. नेपाल विशेष सेवा ऐन, २०४२

९. नगर विकास ऐन, २०४५

१०. काठमाण्डौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५

११. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

१२. विद्यतु ऐन, २०४९

१३. वन ऐन, २०४९

१४. राष्ट्रिय प्रसारण ऐन, २०४९

१५. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९

१६. नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०

१७. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

१८. नगर विकास कोष ऐन, २०५३

१९. भवन ऐन, २०५५

२०. बाल श्रम (निषेध र नियमति गर्ने) ऐन, २०५६

२१. आयकर ऐन, २०५८

२२. अन्त शुल्क ऐन, २०५८

२३. केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३

२४. सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४

२५. वैदेशिक रोजगार ऐन, २०६४

२६. नेपाल ट्रष्ट ऐन, २०६४

२७. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६

२८. फोहोर मैला व्यवस्थापन ऐन, २०६८

२९. भुकम्पबाट प्रभावित संरचनाको पुनर्निमाण सम्बन्धी ऐन, २०७२

३०. औद्योगिक व्यवसाय ऐन, २०७३

३१. संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७३

३२. निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३

३३. न्याय प्रशासन ऐन, २०७३

३४. राजनीतिक दल सम्बन्धी ऐन, २०७३

३५. निर्वाचन आयोग ऐन, २०७३

३६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

३७. राष्ट्रिय समावेशी आयोग ऐन, २०७४

३८. आदिवासी जनजाति आयोग ऐन, २०७४

३९. मधेशी आयोग ऐन, २०७४

४०. राष्ट्रिय दलित आयोग ऐन, २०७४

४१. थारु आयोग ऐन, २०७४

४२. राष्ट्रिय महिला आयोग ऐन, २०७४

४३. मुस्लिम आयोग ऐन, २०७४

४४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

४५. राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४

४६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४७. श्रम ऐन, २०७४

४८. सहकारी ऐन, २०७४

४९. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

५०. प्रधान न्यायधीश तथा सर्वोच्च अदालतको न्यायधिशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४

५१. कर्मचारी समायोजन ऐन, २०७४

५२. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४

५३. प्रदेश प्रमुखहरुको पाश्रिमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४

५४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

५५. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५

५६. कर फछ्र्यौट आयोग ऐन, २०३३ (खारेजी)

# अनुसुची – ८

## संघीय संसद
## प्रतिनिधि सभा
## कानून, न्याय तथा मानव अधिकार समिति
## मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक सम्बन्धमा समितिको प्रतिवेदन, २०७५

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी संघीय संसद, प्रतिनिधि सभाको मिति २०७५ साल पुस १७ गतेको बैठकले गरेको निर्णयानुसार उक्त विधेयक र सो विधेयकमा माननीय सदस्यहरुबाट दर्ता गरिएका संशोधन सहित छलफलको लागि समितिमा प्राप्त हुन आएको थियो ।

उक्त विधेयकमाथि तेह्र जना माननीय सदस्यबाट दर्ता गरिएका एक सय चारवटा संशोधनहरु प्राप्त भएका थिए । मिति २०७५ साल चैत्र ८ गते बसेको समितिको बैठकमा नेपाल सरकारको तर्फबाट संशोधन विधेयक प्रस्तुत गर्नु पर्नाको कारण र औचित्यका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीबाट विस्तृत जानकारी लिइयो । छलफलको क्रममा संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरुबाट संशोधन प्रस्तुत गर्नुका कारण र विधेयकको आवश्यकता सम्बन्धमा आफ्ना धारणा राख्ने कार्य समेत भयो ।

तदनन्तर, समितिको बैठकमा नेपाल सरकारबाट प्रस्तुत संशोधन विधेयक, माननीय सदस्यबाट परेको संशोधन तथा छलफलको आधारमा प्रस्तुत मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ का सम्बन्धमा समितिबाट सर्वसम्मतिले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा ८ मा संशोधनको लागि प्रस्ताव गरिएको ऐनको नाम मिति २०७५।११।१९ मा प्रमाणीकरण भई जारी भएको नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट "जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८" हुने गरी संशोधन भएकोले विधेयकको उक्त

दफामा उल्लेख गरिएको ऐनको नामलाई सो बमोजिम आनुषांगिक रुपमा मिलाउनु पर्ने र अन्य विषयमा राष्ट्रिय सभाबाट पारित भए बमोजिम यथावत् पारित गर्ने” निर्णय भएकोले यो प्रतिवेदन सभा समक्ष पेश गरिएको छ ।

**(कृष्ण भक्त पोखरेल)**
**सभापति**

**मिति : २०७५।१२।०८**